# मलाई ~~[illegible]~~ मृत्युदण्ड ~~[illegible]~~ स्वीकार छ।"

-रेशम चौधरी, डिल्लीबजार

अन्तत: मैले न्याय पाइन। कसरी पाउँछु न्याय? थारुले न्याय पाएको इतिहास नै कहाँ छ र? अधिकांश थारुहरुलाई हार प्रमाणीकरणको लालमोहर लगाउने नै न्यायालय हो। करिब ४ लाख पटक भन्दा बढि जमिनी मुद्दाको हार बेहोरेका छन् न्यायलयबाट थारुहरुले। सत्य यहि हो, सदियौं देखि भोगचलन गर्दै आइरहेको जमिनको न्यायिक फैसला नभएकै कारण थारुहरु कमैया बन्नपुगे। मुद्दा मामिलाका कारण थारुहरुको जमिन मात्रै गुमेन, चाँदीको सिक्का समेत स्वाहा भयो। विगत देखि वर्तमान सम्म न्यायलय र प्रशासनको सिकार भएकै छन् थारुहरु। साँच्चै भन्दा नश्लिय शासकको नोकरवाद लाद्ने गध्दा बनाइएका छन् थारुहरु।

मैले जनतावाट न्याय पाएकै हुँ। त्यो पनि घटनास्थल वरिपरिकै मतदाताबाट। एकपटक होइन तीन। तीन पटक। मैले पाएको न्यायको भण्डा थारुको मात्रै थिएन, पाहाडियाहरुको समेत थियो र छ। कते हामीले प्राप्त गरेको मत बारे समानान्तर अदालत अन्जान पो छकि! होइनभने म त्यहि रेशम चौधरी हुँ, जसले २०७४ को निर्वाचनमा विजय प्राप्त गर्दा प्रमाणपत्रको लागि अदालतको ढोका खट्खटाएको थिएँ। तर समानान्तर सर्वोच्च अदालतले मेरो निवेदन दरपिठ् गरिदियो। -"तँ थारु होस्। प्रवासमै बसेर चुनाव जित्ने अधिकार कहाँ छ तँलाई? भनेर होला समानान्तर न्यायलयले ~~[illegible]~~ मेरो निवेदन लिने मनासिबै ठानेन।

~~प्रायः सबैले~~ नश्लवादको चिन्तन बोक्नेहरुले म र मेरो पार्टी नगरिक उन्मुक्तिलाई जातियवादी राजनैतिक दलको रुपमा चिनाउने गर्दछन्। हो, हाम्रो पार्टी जातिवादी नै हो तर नेपाली जातिवादी। असली पहिचानको जातियवादको मुद्दा बोक्ने पार्टी। धर्म बेच्ने होइन धर्म बचाउने पार्टी। जात सफाया गर्ने होइन जात संरक्षण गर्ने पार्टी। यदि एउटा पार्टी हो- जहाँ सबैलाई समान छ। त्यहि पार्टीको नेताले->

आन लाग पारेन। मुद्दा हेर्दा रेशमले शोक प्रकट गरेको भन्ठान्दै हुउद्दाछ भन्यो भने यो एकदम गलत हो। हो मैले शोक प्रकट गरेकै हो। मैले शोक प्रकट नगरे कसले गर्ने? अब मैले न्याय माग्न जाने ठाउँ कहाँ हो?

टीकापुर घटना राजनैतिक घटना हो। २०७२ भाद्र ६ गते थारुहटको जुलुस टीकापुर बजारमा थरुहट प्रदेश लैरन गएकै हो। तर टीकापुरमा थरुहट प्रदेश लेरुने आन्दोलनको आह्वान मेरो निर्देशनमा होइन। जेठानको देहान्त भएकोले भाद्र ४ गतेसम्म त म काठमाण्डौमै थिएँ। धनगढीमा हुने सर्वदलिय बैठकमा भागलिन गैदिनु-परलो भनेर नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र एमालेका नेता भिम रावलको आग्रहमा म धनगढी गएको हुँ। आन्दोलन चलि-रहेकोले भाद्र ६ गते सम्म सुरक्षाकर्मिको सबै बन्दोबस्त मलाई पूर्व गृहमन्त्री भीम बहादुर रावलले नै गरिदिनुभएको हो। भाद्र ६ गते टीकापुर शसस्त्र प्रहरी उग्रतारा गणमा भएको सर्वदलिय बैठकमा सबैलाई मैले भनिदिएकै हुँ - "आन्दोलन मेरो नियन्त्रणमा छैन। म यो आन्दोलनको संयोजक पनि होइन।"

भाद्र ६ गते टीकापुरमा हुने थारु आन्दोलनका बारेमा प्रशासन जानकार थियो। त्यो आन्दोलनलाई रोक्न मैले कति प्रयत्न गरें त्यो तत्कालिन सिडियो राजकुमार श्रेष्ठ-लाई थाहा छ। जिल्ला प्रहरी प्रमुख विक्रमबहादुर चन्दलाई थाहा छ। शसस्त्र प्रहरी बलका उपरिक्षक लक्ष्मण सिंहलाई थाहा छ। टीकापुर उद्योग बाणीज्य संघको अध्यक्षलाई थाहा छ। स्थानीय सबै राजनैतिक दलका प्रतिनीधिलाई थाहा छ। सर्वदलिय बैठकमै अब रेशमलाई दोष दिनुहुन्न भनेर सबैले स्वीकारेका छन्।

अनि म दोषी भएँ कसरी ? भाद्र ६ गते बिहान ९ बजेसम्म मैले के प्रयत्न गरिन ? थारु आन्दोलनको भीडमा जाउँ कमरेड विकालले मार्दिन्छु भन्छन्। अखण्ड सुपको भीडमा गए मेरो कपाल पनि बच्नेवाला थिएन। सुरक्षाकर्मीसँग सल्लाह गर्न खोज्यो, तँ आन्दोलनकारी होस् भन्छन्। कतै केहि सिप नलागेपछि म रेडियो हेर्न बर्दियातिर लागेको हुँ।

भाद्र ६ गतेको घटना पछि म भारतमा हुँदा समेत सामाजीक सद्भाव खलबलिन नदिन के मात्रै प्रयत्न गरिन मैले। म नेपाली काँग्रेस सभापति शेर बहादुर देउवाको सम्पर्कमै थिएँ। भारतबाट केवालाल चौधरीको संयोजकत्वमा एमाले नेता भीम बहादुर रावलसँग वार्ता गर्न पठाइदिएकै हुँ। प्रवासमा मलाई उकास्ने कति थिए कति ? यदि म अर्काको उक्साहटमा मात्रै लागेको भैदिए आज देश जातिय द्वन्दमा फसिरहेको हुन्थ्यो-होला।

एकान्तमा एक्लै गम्छु - टीकापुर घटनाको दोषी करार ब्रम्हा, विष्णु, महेश, जिसस्, अल्लाह, बुद्ध कसैले पनि प्रमाणीत गर्न सक्दैन होला मलाई। तर सम्मानीत सर्वोच्च अदालतको, गरिदिएको सोच्चै भन्दा मैले न्याय पाइन। अर्काको भावनामा बगेर मलाई अपराधी ठहर गर्न पाइन्न। श्रीमानले मेरो बयान पढिदिनु भएन जाँतो लाग्यो। मिसिल हेरिदिनु भएन जाँतो लाग्यो। मेरो लौलैले हकमा न्याय भएन, फैसला →

मात्रै भयो। पपुलिस्ट फैसला। सुरु अदालत, पुनरावेदन अदालत र अन्तिम अदालत सबै पपुलर मात्रै बन्न खोजे। आज न्यायलाई विश्वले समेत हेर्दछ। हेर्नै नमिल्ने फैसलाको कपि बोकेर म कुन न्यायालयको ढोका खटखटाउन जाऊँ?

टीकापुर घटना नहुनुपर्थ्यो, भयो। आठ प्रहरी र एक बालकले शाहदात प्राप्त गरेकै हुन्। तर के, ति शहीदहरुको संहार कुनै बन्दकोठा वा गुफामा गरिएको हो र? त्यो घटनाका प्रत्यक्षदर्शि पनि त हजारौं थिए। मिडियामा उल्लेख गरेजस्तो भाला बन्चरो कुनै पनि आन्दोलनकर्मीले बोकेका थिएनन्। कसैलाई दोषी करार गर्ने मलाई कुनै हक छैन तर वास्तविक घटना कसले गरायो, त्यो टीकापुरलाई थाहा छ। साहादात् प्राप्त गर्नेको परिवारले पनि अन्तिम सत्य थाहापाउनुपर्छ। मेरो श्रीमान, दाई, भाई, छोराको हत्या के कसरी भयो। कसले कसरी मारे? किन मारे? त्यो अन्तिम सत्य थाहापाउने चाहना पनि प्रहरी परिवारले गर्नैपर्छ। उहाँहरुको मनमा एउटा शंका उब्जिनपर्छ। — "कतै विभिषणको भेषमा आफ्नै भाइहरु हत्याराको झुण्डमा मिसिएका त थिएनन्?"

नेपाली दाजुभाई दिदिबहिनीहरु! यदि म ती शाहदात प्राप्त शहीदको हत्यारा हुँ भने मलाई →

(5)

त्यति क्रुर अपराधीलाई यति सहज सजाय साह्रै अपुग हुन्छ। म भन्छु, म हत्यारा हुँ भने मैले मारेको हतियार कहाँ छ? पहिले फाँसी किन नदिने? भाला घोचिघोचि आठ सुरक्षाकर्मी र एक दुधे बालकको हत्यारालाई जन्मकैदको सजायले मात्रै पुग्छ र? न्याय मैले पाउनैपर्छ। न्यायको आशा अझै मरेको छैन। यो मेरो सानो रोष मात्रै हो, जसलाई नलेखि म बस्नै सकिन। कति सत्य चाहिँ पनि लेख्न सकिरहेको छैन। इच्छाउँदैमा सबै-कुरा लेख्नुपनि हुन्न। तर, तीन। तीनवटा फैसलाको खबरले साह्रै चोट दिएको छ मलाई। सहनै नसकिने चोट। अझै चोट सहिरहनु-भन्दा एकपटकको मृत्युदण्ड जाति हुन्थ्यो।

अब मलाई र अत्यन्तै महत्वपूर्ण निर्णय चाहिन्छ। कि न्याय कि मृत्युदण्ड! साँच्चिकै दोषि भए मृत्युदण्ड स्वीकार गरेर टुँडिखेलमा सबैको सामु झुण्डिएर मर्ने इच्छा छ मेरो। नभए मलाई न्याय दिनैपर्छ। सम्मानीत सर्वोच्च अदालतको फैसला-बारे मेरो छोरा छुट्छ र घर लिएर जाउँला" भनेर मलाई लिन आएकि मेरि आमा जेलमा मेरो मुख हेर्न समेत आउन सकेकि छैनन्।

चोट लागेर रोष प्रकट गरेको जस्तो देखिए पनि सत्य यहि हो। न्यायका लागि जुनजुन कहाँकहाँ सम्मको दैलो चाहार्नुपर्छ, त्यो प्रयत्न मैले जरुर गर्छु। अन्तमा गीतको एउटा टुक्राबाट बिट मार्न चाहन्छु -

श्रीमान, न्याय देउ हामीलाई क्षमा चाहिँदैन
दोषीलाई दण्ड देउ तर निर्दोषीलाई पुन्न पाइदैन।

-डिल्लीराज, कारागार